

# दोर्दी-१ जलविद्युत खबर

भाद्र २०७६, अंक ३४

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको Headworks निर्माण कार्यअन्तर्गत हाल Undersluice, Gravel trap, Approach canal को निमार्ण कार्य भईरहेको छ । River Structures को ५७.०% कार्य सम्पन्न भइसकेको छ भने Gravel trap, Approach canal Intake & Desander Intake निर्माण कार्यको प्रगति ६६ प्रतिशत पुगेको छ ।

यस आयोजनाको विद्युतगृह र Penstock Line Civil Work को भौतिक निर्माण कार्य पनि 21.88% पुगेको छ ।

त्यसैगरी, Penstock Pipe को निर्माण कार्य पनि तीव्र गतिमा भइरहेको छ । बुटवलस्थित मेगा हाइड्रो एण्ड इन्जीनियरिङको फ्याक्ट्रीमा Penstock को ४०० मिटर पाइप रोलीङ भइसकेको छ भने तिन वटा बेन्ड Assembly भई र १५० मिटर Penstock Pipe आयोजना स्थलमा पुगिसकेको छ । हाल पेनस्टक पाइपको Bifurcation र Gate Leaf को निर्माण कार्य सकिएको छ र आयोजना क्षेत्रमा ढुवानी क्रममा रहेको छ ।




सुरुङ खन्ने कार्यको मासिक प्रगति ।



आयोजनाका प्राविधिकबाट सुरुङको निरिक्षण गरिदै ।

सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट 982.0 मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट 762.0 मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले श्रावण मसान्त सम्म Inlet र Outlet तर्फ गरी कुल 1744 मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, Ashwin मसान्त सम्ममा Inlet/Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई 1900 मिटर पुऱ्याउने लक्ष्यका साथ कार्य अघि बढिरहेको छ । Bhadra महिनाको अन्त्यसम्म सुरुङ निर्माण को कार्यको प्रगति 56.33% भइसकेको छ ।

यस आयोजनाको Electromechanical कार्यको Contractor B. Fouress (P) Ltd. ले विद्युतगृहको आवश्यक Design कार्य सम्पन्न गरिसकेको छ । साथै, आयोजनाको टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर लगायत सम्पूर्ण Electromechanical समाग्रीको निर्माण भारतस्थित फ्याक्ट्रिहरुमा तिब्र गतिमा अघि बढिरहेको छ । आगामी कार्तिक महिनामा उक्त सामाग्रीहरुको ढुवानी समेत सुरु हुनेछ ।

विद्युतगृहको दुवै Unit को Tailrace Gate Frame को जडान कार्य पनि सकी विद्युतगृहको Raft floar Foundation को निर्माण कार्य सकिएको छ । विद्युतगृहको Beam र Pillar निर्माण कार्य पनि अघि बढिसकेको छ । निकट भविष्यमा नै विद्युत गृहमा EOT Crane जडान गर्ने लक्ष्य कम्पनीको रहेको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको ठेक्का प्राप्त गरेको कम्पनी Cosmic Electrical Engineering Associates Pvt. Ltd. ले प्रसारण लाइनको Survey र Geotechnical Investigation कार्य सकी Design कार्य अन्तिम चरणमा पुर्याएको छ । प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने जग्गाहरुको खरिद गर्ने प्रकिया अन्तिम चरणमा पुगेको छ । टावरको फाउन्डेसन निर्माण कार्य आगामी कार्तिक महिनावाट सुरु गर्ने लक्ष्य कम्पनीले राखेको छ ।



**इन्टेक गेट बेसको डन्डि बाँधने कार्य गरिँदै ।**

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य पनि तीब्र गतिमा अघि बढिरहेको छ । यसका साथै टावरहरुको निर्माणका लागि फाउन्डेसन निर्माण कार्य पनि नेपाल विद्युत प्राधिकरणले अघि बढाएको छ ।



**आयोजनाको अन्डरशलुइसको निमार्ण अघि बढाईदै ।**



**आयोजनाको विद्युतगृहको निमार्ण कार्यको एक झलक ।**


सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np